श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

श्री ५ को सरकारको निर्णयले विद्युत विकास केन्द्रका महानिर्देशक श्री विजय-शंकर श्रेष्ठ जलस्रोत रणनीतिसम्बन्धी कार्यदलको कार्यालय, काठमाडौंमा मिति २०५३।४।३१ गतेबाट तीन महिना काजमा बस्नु भएकोले उहाँको अनुपस्थितिमा सो पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही विभागको उप-महानिर्देशक डा. किशोरवाबु अर्यालबाई कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,

रत्नेश्वरलाल कायस्थ

श्री ५ को सरकारको का.मु.सचिव

---

## भूलसुधार

"नेपाल राजपत्र खण्ड ४३ कार्तिक २३ गते २०५० साल संख्या २९ भाग ३ श्री ५ को सरकार श्रम मन्त्रालयको सूचना २ को पृष्ठ संख्या ६० को नियम ४० को उप-नियम (१) को खण्ड (ग) मा रहेका उपखण्ड (३), (४), (५), (६), (७) र (८) नियम ४० को क्रमशः उप-नियम (२), (३), (४), (५), (६) र (७) हुनुपर्ने, पृष्ठ संख्या ७०,७१,७२ र ७३ क्रमशः ७२, ७३, ७०, र ७१ हुनुपर्ने र अनु-सूचीको अशक्तताको प्रतिशतको महलको क्रमसंख्या ४६ र ५९ मा क्रमशः ४० र ३० हुनुपर्ने।"

मुद्रण विभाग

खण्ड ४६ संख्या १८ मिति २०५३।४।२८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित कलैया नगर विकास समिति गठनसम्बन्धी यस मन्त्रालयको सूचना १ को तेस्रो हरफमा "कलैया नगरपालिका क्षेत्रमा" हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ।

आवास तथा भौतिक योजना मन्त्रालय।

६९२



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित

रिएपछि मात्र लागु हुनेछ।